URL : www.mopit.gov.np
email: info@mopit.gov.np

नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

फोन नं.: ४२११८८०, ४२११९३१, ४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरवार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः
चलानी नं.: 365

## प्रेस विज्ञप्ति

आज मिति २०८२/१०/०२ गते माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री **श्री माधव चौलागाईंसँग** नेपालका लागि जापानका महामहिम राजदूत **श्री माएदा तोरु (Mr. Maeda Toru)** ले मन्त्रालयमा शिष्टाचार भेटघाट गर्नुभएको छ।

भेटघाटका क्रममा नेपाल र जापानबीचको आपसी सम्बन्ध, आर्थिक सहयोग, पूर्वाधार विकास तथा द्विपक्षीय सहकार्यका विविध विषयमा सौहार्दपूर्ण वातावरणमा छलफल भएको थियो।

माननीय मन्त्रीले नेपालमा पूर्वाधार विकास लगायतका क्षेत्रमा जापान सरकारले विगतदेखि निरन्तर रूपमा प्रदान गर्दै आएको सहयोगप्रति आभार व्यक्त गर्दै नेपाल जापानबीचको ७० वर्षको दौत्य सम्बन्धलाई आगामी दिनमा थप सुदृढ र प्रगाढ बनाउँदै लैजाने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो।

महामहिम राजदूतले जापान सरकारको सहयोगमा हाल सञ्चालनमा रहेका तथा आगामी दिनमा कार्यान्वयन हुने आयोजनाहरूको सफलताका लागि दुवै पक्ष मिलेर अघि बढ्ने विषय पुनः दोहोर्याउँदै माननीय मन्त्री तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त हुँदै आएको निरन्तर सहयोगको सराहना गर्नुभयो। साथै, जापान सरकार नेपालका विकास प्रयासहरूमा निरन्तर साथ रहने विषयमा उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

मितिः २०८२/१०/०२

रामहरी पोखरेल

सहसचिव/ प्रवक्ता